स्थान: गाउँपालिकाको कार्यालय भवन

मिति:२०८०।०६।२६

समय:

आज मिति २०८०/०६/२६ गते का दिन यस सुनकोशी गाउँकार्यपालिका सिन्धुपाल्चोकका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरूको उपस्थितिमा कार्यपालिका बैठक बस्यो।

<u>उपस्थिति</u>

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | श्री टपिन्द्र प्रसाद तिमल्सिना | |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | श्री कुमार शाही | |
| ४. | वडा अध्यक्ष | श्री पूर्ण बहादुर महत | |
| ५. | वडा अध्यक्ष | श्री ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | श्री भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | श्री जाल बहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | श्री चक्र बहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | श्री ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | श्री पुतली कामी | पुतली |
| ११. | का.पा. सदस्य | श्री कमला गेक्रा | मसली |
| १२. | का.पा. सदस्य | श्री कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | श्री मसली सार्की | |
| १४. | का.पा. सदस्य | श्री राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | श्री गृवेन्द्र माझी | |
| १६. | सचिव | श्री युग बहादुर खड्का | |

**गाउँ कार्यपालिकाको चौथो बैठकको लागि छलफलको विषयवस्तु**

१. शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।

२. नेपाल दुरसञ्चार अन्तर्गत एरोनेट प्रा.लि को रकम भुक्तानी दिने सम्बन्धमा ।

३. गत आ.व. २०७९/८० को भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने सम्बन्धमा ।

४. मोटरसाईकल मर्मत रकम भुक्तानी दिने सम्बन्धमा ।

५. मोटरसाईकल मर्मत गर्ने सम्वन्धमा ।

६. सुनकोशी गाउँपालिकाले उपलब्ध गराउने खानेपानी पाईपमा लागत साँझेदारी व्यहोर्ने सम्वन्धमा ।

७. थप जनशक्ती व्यवस्थापन गर्ने सम्बन्धमा ।

८. शिक्षण सिकाई अनुदान मा.वि. तह (९ र १०) का शिक्षकहरुको तलब भत्ता व्यवस्थापन गर्ने सम्बन्धमा ।

९. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

१०. स्कूल बस खरिद गर्न प्रतिबदता सहितको सिफारिस प्रदान गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा विगत वर्षहरुमा जस्तै यस आ.व.मा समेत नेपालीहरुको महान चाडपर्व, वडा दशै, दीपावली, नेपाल सम्बत, छठ जस्ता चाडपर्वहरुको उपलक्ष्यमा मिति २०८०।७।१ गते सुनकोशी गाउँपालिका प्राङ्गणमा सुनकोशी गाउँपालिकाका पदाधिकारी, गाउँसभाका सदस्यहरु, राजनैतिक दल, प्रमुख जिल्ला अधिकारी ज्यु लगायत सुरक्षा निकायका प्रमुखहरु, सुनकोशी गाउँपालिका भित्रका क्याम्पस प्रमुख एव विद्यालयका प्रधानाध्यापक ज्युहरु, स्वास्थ्य चौकी प्रमुखहरु, वडा सचिवहरु, गाउँपालिका भित्रका सुरक्षा निकायका प्रमुखहरु एवं समस्त सुनकोशी गाउँपालिका भित्रका सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभगितामा शुभकामना आदान प्रदान, पत्रकार सम्मान एवं पुरस्कार वितरण सम्पन्न गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा सुनकोशी गाउँपालिका भित्र नेपाल दुर सञ्चार अन्तर्गत एरोनेट प्रा.लि.ले दुर संचार अन्तर्गत ठेक्का बन्दोबस्त गरी यस सुनकोशी गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरु,

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोटेचौर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

माध्यमिक विद्यालयहरु, वडा कार्यालयहरु लगाउत ५३ वटा कार्यालयहरूमा ईन्टरनेट जडान कार्य सम्पन्न गरी भुक्तानी माग गरेको हुँदा उक्त एरोनेट प्रा.लि.ले ईन्टरनेट सेवा जडान गरेदेखि नै कुनै न कुनै रुपमा सेवा नियमित नगर्ने, नेट बन्द गरिरहने तथा सेवा अवरुद्द गरी दुःख दिने कार्य गरेको र हाल ईन्टरनेट सेवा जहान कार्य सम्पन्न गरि रकम भुक्तानी माग गरेको सम्बन्धमा छलफल हुँदा ईन्टरनेट सेवा बिग्रन गई मर्मत गर्नुपरेमा यथासिघ्र मर्मत संभारको कार्य गर्ने प्रतिवदता लिई यस चालु आ.व. २०८०/८९१ मा चालु खातामा रु.५०९२८८२।२२ अक्षरुपी पचास लाख बयानब्बे हजार आठ सय बयासी रुपैयाँ रकम भुक्तानी माग गरेकोले उल्लेखित रकम चालु खातामा बजेट थप गरी जम्मा माग गरेको रकममा धरौटी बापतको ५ (पाँच) प्रतिशत रकम राखि गत आवमा पेश्की लिएको रकम समेत नियमानुसार कट्टा गरी यथार्थ हुन आउने रकम भुक्तानी दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा गत आ.व. २०७१/८० को मुक्तानी दिन बाँकी रकम भुक्तानी दिने सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/८० को भुक्तानी दिन चाँकी प्रमाणित विवरण अनुसार टेकापट्टा द्वारा कार्य गराईएका योजनाहरु कृषि उपज संकलन केन्द्र बडा नं. २. कृषि उपज संकलन केन्द्र वडा नं., सियाले सुनखानी सडक, वाह किलो वेगसिम्ले सडक बडा नं. २ लगायतका योजनाहरुको रु १६२४७५२५। रकम चालु आवमा नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा यस सुनकोशी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सरकारी कामको सिलसिलामा फिल्ड एवं अनुगमनमा जाँदा आउँदा प्रयोग भएका सरकारी एवं प्राईभेट मोटरसाईकल मर्मत रकम भुक्तानी दिने सम्बन्धमा छलफल हुँदा सुनकोशी गाउँपालिकाका कर्मचारीहरु एवं जन प्रतिनिधिहरुले सरकारी कामकाजका लागि उपयोग गरेका सरकारी एवं प्राईभेट नम्बरका मोटरसाईकलका लागि समेत गत आ.व. २०७१/८० मा दिए सरहको मर्मत खर्च मासिक रु.१५०० रुपैयाँका दरले मर्मत खर्च दिने गरियो।

५. प्रस्ताव नं ५ माथी छलफल गर्दा मोटरसाईकल मर्मत गर्ने सम्वन्धमा छलफल हुँदा सुनकोशी गाउँपालिकाको विभिन्न वडाहरु (वडा नं. १.३.४ र ५) मा नयाँ मोटरसाईकल उपलब्ध भए पश्चात उक्त वडा कार्यालयमा रहेका मोटरसाईकलहरु एकिकृत गरी पूर्ण रुपमा मर्मत सभारको कार्य मान्यता प्राप्त मर्मत सम्वन्धी कार्य गर्ने मोटरसाईकल वर्कसपसँग समझौता गरी मर्मत संभारको कार्य सम्पन्न गरी गाउँपालिकाले आवश्यक्ताको आधारमा वितरण गर्ने निर्णय गरियो ।

टंकि प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

६. प्रस्ताव नं ६ माथी छलफल गर्दा गाउँपालिका भित्रका विभिन्न व्यक्तीहरुवाट खानेपानी धारा निर्मान तथा मर्मत कार्यमा पाईप उपलब्ध गराउन माग आउने गरेको हुँदा यस कार्यालयवाट उपलब्ध गराउने पाईपमा लागत साँझेदारी व्यहोर्ने सम्बन्धमा छलफल हुँदा गाउँपालिका भित्रका प्रायजसो नागरिकहरुबाट खानेपानीको पाईप माग आईरहने भएकोले अब उप्रान्त पाईप माग गर्न आउँदा व्यक्तिगत माग गरेमा २० प्रतिशत र सामूहिक रुपमा माग गरेमा १० प्रतिशत लागत व्यहोर्ने गरी माग गरेकै अवस्थामा लागत साँझेदारी व्यहोर्ने सुनिश्चित भएपछि मात्र पाईप उपलब्ध गराउने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथी छलफल गर्दा यस सुनकोशी गाउँपालिकाको हाल निर्माण सम्पन्न भएको पुरानो स्वास्थ्य चौकी भवन रहेको स्थानमा नयाँ निर्माण भएको प्रदेश सरकार द्वारा निर्माण भएको भवनको सुरक्षार्थ ७ नं. वड़ा अध्यक्षबाट नव निर्मित भवनको सुरक्षार्थ एक जना कार्यालय सहयोगी पाले को दरबन्दी व्यवस्थापन गर्न माग गरेकोले उक्त भवनको रेखदेख, सुरक्षा तथा व्यवस्थापन यस कार्यालयले नै गर्नुपर्ने भएकोले उक्त भवन सुरक्षार्थ हाल अर्को व्यवस्था नभएसम्मका लागि स्वास्थ्य शाखामा प्राप्त तलव भत्ता शिर्षकवाट पारिश्रमिक भुक्तानी दिने गरी हाल वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी कर्मचारीले पाए सरह मासिक सेवा सुविधा पाउने गरी एक जना कार्यालय सहयोगी पालेको व्यवस्थापन गरी कामकाजमा लगाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा तलब भत्ता व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान नीति अनुरुप यस सुनकोसी गाउँपालिकामा पनि विगतमा नियमित रुपमा माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान प्राप्त हुदै आएकोले प्रचलित नीति तथा कानुन बमोजिम यस पालिकाका चार (४। विद्यालयका सात (७) जना माध्यमिक तहका शिक्षक नियुक्ति गरी हालसम्म कार्यरत रहेका तर यस चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा संघीय सशर्त माध्यमिक तह कक्षा (९-१०) मा अड्ङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अनुसार प्राप्त हुने बजेट प्राप्त नभएको हुँदा यस चालु आर्थिक वर्ष २०८०/०८१ श्रावन देखि असोज मसान्तसम्मको पँहिलो त्रैमासिक र चाडपर्व खर्च सहितको तलब भत्ता भुक्तानी दिनको लागि बजेट स्रोतको सुनिश्चित नभएको हुँदा यस प्रथम त्रैमासिक वापतको जम्मा रकम रु. ११५७७५४ (अक्षेरुपी एघार लाख सन्ताउन्न हजार सात सय चौवान्न मात्र) रकम सुनकोसी गाउँपालिकाको शिक्षा तथा खेलकुद विकास शाखाको पालिका अनुदान शिक्षक

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

बालविकास सहजकर्ता र कर्मचारी तलबभत्ता र पोषाक खर्च शिर्षकबाट निकासा दिने र अर्को व्यवस्था नभए सम्मको लागि मिति २०८०।७।१ गतेदेखि लागु हुने गरी सम्बन्धित शिक्षकहरुलाई हाजिर नगराउनको लागि सम्बन्धित विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथी छलफल गर्दा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा छलफल हुँदा सुनकोशी गाउँपलिकाको विभिन्न स्थानमा विपदसँग सम्बन्धित घट्नाहरु घटि रहने र यस्ता विपदजन्य घटनाहरुका लागि तत्काल राहत र सहयोग पुर्याउने कार्यमा विपद व्यवस्थापन समितिको मिति २०८०। । गते बसेको बैठकको निर्णय र गाउँपालिका अध्यक्ष ज्यूबाट विभिन्न मितिमा तीक आदेशवाट भएका योजना तथा कार्यक्रमहरु सम्बन्धि निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं ११ माथी छलफल गर्दा स्कूल बस खरिद गर्न प्रतिबद्ता सहितको सिफारिस गर्ने सम्वन्धमा छलफल हुँदा वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट १(एक) वटा स्कुल बस खरिद गर्न यस सुनकोशी गाउँपालिका वडा न. ६ को श्री महेन्द्रोदय माध्यमिक विद्यालयको लागि सुनकोशी गाउँ कार्यपालिकाको निर्णय सहितको प्रतिवदता आवश्यक परेको भनि माग गरेकोले उक्त विद्यालयको स्कूल बस सञ्चालन खर्च समेत व्यहोर्ने प्रतिबद्धता जनाउने निर्णय गरियो ।

टंकेन्द्र प्रसाद रिमाल
गा.पा. अध्यक्ष